4 March, 2026

National News

मुख्य समाचार-

1. उपराष्ट्रपति राधाकृष्णन दुई दिने अगरतलाको भ्रमणमा जानुहुँदै

2. फिनल्याण्डका राष्ट्रपतिको भारत यात्राले दुवै देशको सम्बन्धलाई नयाँ उचाइमा लैजाने प्रधानमन्त्री नरेन्द्र मोदीको मन्तव्य

3. भुटानका विदेशमन्त्री दीनानाथ ढुङ्गेल र माल्टाका विदेशमन्त्री इयान बोर्ग आइपुग्नुभयो आज नयाँ दिल्लीमा

4. इरानको राजधानी तेहरानस्थित बाजिस मुख्यालय र आन्तरिक सुरक्षा कमाण्ड केन्द्रहरूमा इजरायलद्वारा श्रृङ्खलाबद्ध आक्रमण

5. देशले पालन गर्यो हर्षोल्लासका साथमा रङ्गहरूको पर्व होली

1. उपराष्ट्रपति - त्रिपुरा भ्रमण

उपराष्ट्रपति सी.पी. राधाकृष्णन ७ मार्चमा दुई दिने भ्रमणका लागि अगरतला जानुहुनेछ।

आगामी ८ मार्चमा, उहाँले अल्बर्ट एक्का युद्ध स्मारकमा शहीदहरूलाई पुष्पञ्जली अर्पण गर्नुहुनेछ। त्यसपछि, उहाँले त्रिपुरा विश्वविद्यालयको १४ औँ दीक्षान्त समारोहमा भाग लिनुहुनेछ।

2. फिनल्याण्ड राष्ट्रपतिको भ्रमण

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभयो, फिनल्याण्डका राष्ट्रपतिको भारत यात्रा दुवै देशका सम्बन्धलाई नयाँ उचाइमा लैजाने छ। भोलि हुने रायसिना संवादमा उहाँको मुख्य भाषण सुन्नका लागि उत्सुकतापूर्वक प्रतिक्षा गरिरहेको प्रधान्मन्त्रीले बताउनु भयो।

फिनल्याण्डका राष्ट्रपति अलेक्ज्याण्डर स्टब भारतको राजकीय भ्रमणमा आज बिहान नयाँ दिल्ली आइपुग्नुभएको छ। उहाँलाई विदेश राज्यमन्त्री कीर्तिवर्धन सिंहले विमानस्थलमा स्वागत गर्नुभयो र गार्ड अफ अनर प्रदान गरे। श्री स्टब रायसिना संवाद २०२६ मा प्रमुख अतिथि र मुख्य वक्ता हुनुहुन्छ।

नयाँ दिल्लीमा आइपुगेपछि, श्री स्टबले सामाजिक सञ्जाल पोस्टमा आफ्नो भ्रमणले व्यापार सहित दुई देशहरू बीचको सम्बन्धलाई अझ बलियो बनाउने बताउनु भएको छ।

## 3. रायसीना संवाद- प्रतिनिधिहरू

भुटानका विदेश तथा बाह्य व्यापार मन्त्री दीनानाथ ढुङ्गेल र माल्टाका उपप्रधानमन्त्री तथा विदेश एवम् पर्यटन मन्त्री इयान बोर्ग आज नयाँ दिल्लीमा ११ औँ रायसीना संवादमा भाग लिन भारत आइपुग्नुभएको छ।

सामाजिक सञ्जालको एउटा पोस्टमा विदेश मामिला प्रवक्ता रणधीर जयसवालले भारत र भुटानबीचको साझेदारी गहिरो पारस्परिक विश्वास र सद्भावनामा आधारित रहेको बताउनु भएको छ। उहाँले यस भ्रमणले दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउने बताउँदै भारत र माल्टाले जनताबीचको बलियो सम्बन्धमा आधारित मैत्रीपूर्ण तथा सौहार्दपूर्ण सम्बन्धको आनन्द लिने कुरा पनि उल्लेख गर्नुभयो।

## 4. नायडु - बैठक

केन्द्रीय नागरिक उड्डयन मन्त्री राम मोहन नायडुले आज विजयवाडा विमानस्थलमा नयाँ टर्मिनल र नयाँ दिल्लीको भोगापुरममा रहेको ग्रीनफिल्ड विमानस्थलका लागि सरोकारवालाहरूको समीक्षात्मक बैठकको अध्यक्षता गर्नुभयो।

बैठकमा मन्त्रालय, भारतीय विमानस्थल प्राधिकरण, नागरिक उड्डयन डाइरेक्टर जनरल, राज्य सरकार र अन्य अधिकारीहरू उपस्थित थिए। सामाजिक सञ्जाल पोस्टमा, नागरिक उड्डयन मन्त्रालयले बैठकको क्रममा दुईवटा महत्त्वपूर्ण परियोजनाहरू समयमै सम्पन्न गर्न अपरेटरहरूसँग विस्तृत समीक्षा गरिएको जनाएको छ।

## 5. सिन्डिया - बार्सिलोना

उत्तर पूर्वीय क्षेत्रका सञ्चार तथा विकास मन्त्री ज्योतिरादित्य सिन्धियाले भारतले आफ्ना १.४ अर्ब नागरिकका लागि नेटवर्क मात्र निर्माण नगरेर विश्वका लागि विश्वसनीय डिजिटल पुलहरू पनि निर्माण गरिरहेको बताउनु भयो। स्पेनको बार्सिलोनामा मोबाइल वर्ल्ड कांग्रेस २०२६ मा भारत मंडपको उद्घाटन गर्दै उहाँले उक्त कुरा भन्नुभएको हो।

वसुधैव कुटुम्बकमको दर्शनबाट निर्देशित हुँदै, उहाँले भन्नुभयो, भारतले कनेक्टिभिटीमा मानवतालाई सशक्त बनाउनु पर्छ, साझेदारीलाई बलियो बनाउनु पर्छ र साझा समृद्धि सिर्जना गर्नु पर्छ भन्ने विषयमाथि विश्वास गर्दछ।

उद्घाटन समारोहको अवसरमा श्री सिन्धियाले विश्वले IQ युगमा कनेक्टिभिटीको भविष्यको बारेमा विचार गरिरहेको बेला, भारत बुद्धिमत्ता र पूर्वाधारको चौबाटोमा उभिएको छ, जहाँ कनेक्टिभिटीले क्षमतालाई भेट्छ र नवीनताले समावेशीकरणलाई भेट्छ भन्नुभयो।

## 6. विदेशमन्त्री – म्यानमार

विदेशमन्त्री डा. एस. जयशंकरले भारतको तीन प्रमुख विदेश नीतिहरू: छिमेकी, पूर्व कार्य, र इन्डो-प्रशान्त क्षेत्रमा म्यानमार प्रमुख रूपमा रहेको बतउनुभयो। नयाँ दिल्लीमा सरसोबेखमन साहित्य केन्द्र भवनको उद्घाटन समारोहमा बोल्दै डा. जयशंकरले यो केन्द्र भारतको घनिष्ठ द्विपक्षीय सम्बन्धको प्रतीक भएको बताउनुभयो।

उहाँले अझ भन्नुभयो, सरसोबेखमन केन्द्रले म्यानमारको शास्त्रीय र लोक साहित्यको संरक्षण र अध्ययनमा योगदान पुऱ्याउनेछ। केन्द्रले म्यानमारको सम्पदालाई नयाँ पुस्ता र साधारण जनताका लागि पहुँचयोग्य बनाउने पनि विदेशमन्त्रीले आवगत गराउनु भयो।

दुई देशहरू बीचको सहकार्यलाई उल्लेख गर्दै डा. जयशंकरले भन्नुभयो म्यानमारसँग भारतको संलग्नता जनता-केन्द्रित र माग-संचालित छ। निरन्तर सहयोगले दुई देशहरू बीचको व्यापार र जनतामाझको सम्बन्धलाई बढावा दिनेछ।

## 7. अम्बेडकर यात्रा - पुडुचेरी

पुडुचेरी सरकारको "डा. बी.आर. अम्बेडकर यात्रा योजना" अन्तर्गत लाभार्थीहरूको पहिलो समूह हिजो राति केन्द्र शासित प्रदेशबाट डा. बी.आर. अम्बेडकरको जीवन र विरासतसँग सम्बन्धित स्थानहरूको भ्रमण गर्न प्रस्थान गरेको छ।

उपराज्यपाल के. कैलाशनाथनले पुडुचेरी रेलवे स्टेशनमा हरियो झण्डा देखाएर यात्राको शुभराम्भ गराउनु भएको थियो। यस अवसरमा बोल्दै, यस योजनालाई अझ बलियो र सुधार गर्न सकियोस् भन्ने उद्देश्यमा उपराज्यपालले लाभार्थीहरूलाई भ्रमण पूरा गरेपछि आफ्नो प्रतिक्रिया साझा गर्न आग्रह गर्नुभयो।

## 8. पश्चिम एसिया द्वन्द्व

इरानको राजधानी तेहरानस्थित बासिज मुख्यालय र आन्तरिक सुरक्षा कमाण्ड केन्द्रहरूमा इजरायलको श्रृंखलाबद्ध आक्रमणले पश्चिम एसियामा जारी संकटलाई अझ गहिरो बनाएको छ। इजरायल रक्षा बल (IDF) ले एउटा सामाजिक सञ्जाल पोस्टमा लक्षित कमाण्ड केन्द्रहरू इरानी शासनद्वारा इरानभरि नियन्त्रण कायम राख्न प्रयोग गरिएको थियो भनी जनाएको छ।

9. विदेश मन्त्रालय - विशेष नियन्त्रण कक्ष

पश्चिम एसिया र खाडी क्षेत्रको वर्तमान अवस्थालाई ध्यानमा राख्दै विदेश मन्त्रालयले नियन्त्रण कक्ष स्थापना गरेको छ। यो नियन्त्रण कक्षमा बिहान ९:०० बजेदेखि बेलुका ९:०० बजेसम्म टेलिफोन मार्फत १८००११८७९७ अथवा ०११-२३०१२११३, ०११-२३०१४१०४, र ०११-२३०१७९०५ सम्पर्क गर्न सकिन्छ।

यसका साथै, द्वन्द्वग्रस्त क्षेत्रहरूमा रहेका भारतीय दूतावासहरूले सुरक्षा उपाय र सम्भावित निकासी उपायहरूमा सहयोग गर्न २४-घण्टा आपतकालीन हेल्पलाइनहरू पनि स्थापना गरेका छन्।

10. होली उत्सव

रङ्गको पर्व होली आज पूरा देशमा हर्षोल्लासका साथमा मनाइरहेको छ।

राष्ट्पति द्रोपती मुर्मु, उपराष्ट्रपति सीपी राधा कृष्णन र प्रधानमन्त्री नरेन्द्र मोदीले होली पर्वको सबै देशबासीहरूलाई शुभकामना व्यक्त गर्नु भएको छ।

11. आईसी  टी 20 क्रिकेट

आईसी  टी 20 क्रिकेट विश्वकपको पहिलो सेमिफाइनल दक्षिण अफ्रिका र न्यूजीलयाण्डबीच साँझ 7 बजेदेखि कोलकतामा खेल चलिरहेको छ।

दोस्रो सेमिफाइनलमा भोलि भारतले इङ्ल्याण्डको सामना गरिरहेको छ। यो खेल मुम्बईमा खेलिनेछ।